# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल


पत्र संख्याः @)&&÷&*
चलानी नम्बरः १५६

मिति :२०७७०४।१६

बिषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री चौतारा साँगाचोकगढी नगरपालिका
सवै वडा कार्यालयहरु

प्रस्तुत विषयमा यस नगरपालिकाको नगर विपद व्यवस्थापन समितिको मिति २०७७०४।१४ मा नगर प्रमुखज्युको अध्यक्षतामा वसेको वैठकले निम्नानुसार निर्णय गरिएको हुंदा कार्यान्वयनको लागि अनुरोध छ ।

२०७७/४/१६

( बिदुर कुमार धिमाल)

उप सचिव लेखा नवौं तह

विदुर कुमार धिमाल
उप-सचिव (नवौं तह)


http://chautaramun.gov.np/ chautaramun@gmail.com ०११-६२०४७७, ३१३ ०११-६२००४७

**निर्णय नं. १**

अत्याधिक वर्षाको कारणले गर्दा यस नगरपालिकाको वडाहरूमा विभिन्न टोल वस्तीहरूमा रहेको पहिरोबाट विस्थापित परिवार एकिन गरि आवश्यकका आधारमा राहत उपलब्ध गराउन निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

नगर प्रमुख, श्री अमान सिं तामाङ - **संयोजक**

विपद व्यवस्थापन समिति संयोजक, श्री शेर बहादुर श्रेष्ठ - **सदस्य**

पूर्वाधार विकास समिति संयोजक, श्री चुडामणि नेपाल - **सदस्य**

ईन्जिनियर, श्री बद्री नारायण भुजेल, चौतारा साँगाचोकगढी नगरपालिका - **सदस्य**

उप-सचिव (नवौं तह), श्री विदुर कुमार धिमाल, चौतारा साँगाचोकगढी नगरपालिका - **सदस्य**

**निर्णय नं. २**

अत्याधिक वर्षाका कारणले गर्दा यस नगरपालिकाको विभिन्न स्थानमा घरबार विहिन भएका परिवारहरूलाई त्रिपाल उपलब्ध गराउन रू. ३,००,०००।- (रू. तीन लाख मात्र) को त्रिपाल खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

चालु आ.व. २०७७/०७८ का लागि विपद् व्यवस्थापनमा प्रत्येक वडालाई विनियोजन गरिएको रू. १,००,०००।- (रू. एक लाख मात्र) बजेटको परिधिभित्र रही प्रत्येक वडाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार वडा कार्यालयले खर्च गरी नगरपालिकाबाट खर्च सोधभर्ना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

विपद् व्यवस्थापन सँग सम्बन्धित संघीय तथा प्रदेश सरकारको निकायहरूसँग आवश्यक समन्वय गरी सहयोग माग गर्न सिफारिस गर्ने निर्णय गरियो ।

छायाँ प्रति प्रमाणित